# पशु हाटबजार सञ्चालन विधि, २० ..

(नमूना)

*तयार पार्ने*

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**नेपाल लाइभस्टक सेक्टर  इनोभेसन आयोजना**

**हरिहरभवन, ललितपुर**

# पृष्ठभूमि

नेपालमा पशुपन्छीजन्य उत्पादनमा वृद्धि गर्ने प्रयास संस्थागत रुपमा विगत पाँच-छ दशकभन्दा अघिदेखि जारी छ। यसबाट गाई, भैंसी, खसी, बोका आदि विभिन्न पशुको उत्पादकत्व तथा उत्पादनमा उल्लेखनीय वृद्धि समेत हुदै आएको छ। यसको बाबजुद माग अनुसार विभिन्न पशु तथा पशुजन्य बस्तुको पर्याप्त उत्पादन नभएकोले पशु, पशुजन्यबस्तुको आयातमा ठूलो धनराशी खर्च पनि भईराखेको छ। कृषकलाई पशु तथा पशुजन्य उत्पादन वृद्धि गर्न अझ बढी प्रोत्साहित गर्नका लागि उत्पादित पशु (गाई, भैंसी, खसीबोका आदि) सहज तरिकाले खरीद बिक्री गर्न पाउने व्यवस्था मिलाउन जीवित पशु बजार प्रणालीको विकास गर्नु जरुरी छ। यसबाट पशुपालक कृषकको आय बढ्ने र पशु तथा पशुजन्य उत्पादनको आयात प्रतिस्थापनमा पनि सहयोग पुग्ने छ।

कृषकले उत्पादन गरेका पशु तथा पशुजन्य वस्तुबाट कृषक, व्यापारी र उपभोक्तालाई लाभ पुऱ्याउन व्यवस्थित तथा प्रतिस्पर्धात्मक पशु बजार प्रणालीको विकास तथा व्यावस्थापन गर्न आवश्यक भएकाले ..................नगरपालिका/गाउँपालिकाले .......... पालिका, वडा नं. .........(स्थान)...... मा संचालन हुने पशु बजार /हाट बजार विकास र व्यवस्थापन गर्नको लागि यो *"पशु हाटबजार संचालन विधि, २०७८"* स्वीकृत गरी लागू गरिएको छ।

परिच्छेद–१

# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो संचालन विधिको नाम **"पशु हाटबजार सञ्चालन विधि, २०....."** रहेको छ ।

(२) यो संचालन विधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमा–

(क) "समिति" भन्नाले यस सञ्चालन विधिबमोजिम गठित पशु हाटबजार सञ्चालक समितिलाई सम्झनुपर्दछ ।

(ख) "पशु बजार " वा "हाटबजार " भन्नाले पशु तथा पशुजन्य उत्पादनको बिक्री वितरण गर्ने उद्देश्यले सञ्चालित बजार सम्झनुपर्दछ । यसले पशु हाटबजार, पशु संकलन केन्द्र एवं मासु बजारलाई समेत जनाउने छ ।

(ग) "पशु संकलन केन्द्र" भन्नाले पशु उत्पादन क्षेत्र आसपास पायक पर्ने गरी पशुहरु जम्मा गरी बिक्री वितरण गर्ने उद्देश्यले निर्माण र संचालन गरिने संरचना सम्झनु पर्दछ ।

(घ) "पशुबस्तु" भन्नाले जीवीत पशुपंन्छी र पशुजन्य उत्पादन समेतलाई सम्झनुपर्दछ ।

(ङ) "पशुपन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेडा, बाख्रा, बंगुर जस्ता चौपाया तथा कुखुरा, हाँस, परेवा, अष्ट्रिच, टर्की जस्ता पंक्षी र माछा तथा सो खाले सबै जाति र उमेरका भाले र पोथीलाई समेत जनाउँदछ ।

(च) "पशुपन्छीजन्य उत्पादन" भन्नाले पशुपंछी पालनबाट उत्पादित प्रशोधित वा अप्रशोधित दूध, मासु वा सोबाट तयार हुने उपभोग्य खाद्यपदार्थहरुका अतिरिक्त पशुपन्छीको छाला, ऊन, हाड र सोबाट तयार हुने बस्तुहरु समेतलाई जनाउँदछ ।

(छ) "पालिका" भन्नाले पशु हाटबजार अवस्थित भएको नगर वा गाँउपालिकालाई सम्झनुपर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले "पशु हाटबजार समिति" को अध्यक्ष सम्झनुपर्दछ ।

(झ) "सदस्य" भन्नाले पशु हाटबजार समितिको सदस्य सम्झनुपर्दछ ।

(ञ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्दछ ।

(ट) "सेवा शुल्क" भन्नाले यस पशु हाटबजार उपलब्ध गराईएको र सेवा, सुविधा उपलब्ध गराइएबापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, पशुबस्तु बिक्री गर्दा लाग्ने शुल्क तथा स्थान उपलब्ध गराएबापतको भाडा वा अन्य शुल्क सम्झनु पर्दछ ।

(ठ) “बजार व्यवस्थापक” भन्नाले यस सञ्चालन विधिबमोजिम तोकिएको बजार व्यवस्थापक वा सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ड) “सम्झौता” भन्नाले सरकारको वा स्थानीय तहका प्रतिनिधि तथा सम्बन्धित बजार समितिका उल्लेखित अध्यक्ष तथा जग्गादाता वा अन्य लगानीकर्ताबीच गरिएको सम्झौता पत्र सम्झनुपर्छ ।

(ढ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले सम्झौता पत्रमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. उद्देश्य**

(क) पशु उत्पादक पकेटहरुलाई बजारसँगको आबद्धता प्रदान गर्दै स्वस्थ्य जीवित पशुपंछी तथा पशुपंछीजन्य उत्पादनको बजारीकरणमा टेवा पुऱ्याउने ।

(ख) जीवित पशुपंछीका बजारहरु सञ्चालनका विधि र प्रक्रियाहरुमा एकरुपता कायम गर्ने ।

(ग) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय जीवित पशुपंक्षी, पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र बिकी वितरण तथा उपलब्धता सुनिश्चत गर्न सघाऊ पुऱ्याउने ।

(घ) पशु बजार सञ्चालन गर्ने एवं व्यवस्थित बजार सूचना प्रणालीको विकास गर्ने ।

(ङ) पशु तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

(च) पशुजन्य पर्दाथको सहज आपूर्ति स्थिति अनुगमन गर्ने ।

(छ) पशुजन्य पदार्थको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सघाउ पुऱ्याउने ।

## परिच्छेद–२

# समितिको गठन, काम कर्तव्य र अधिकार

**४. पशु हाटबजार सञ्चालक समितिको गठनः**

१. पशु हाटबजारमा निम्नबमोजिमको बजार सञ्चालक समितिको गठन हुनेछः

(क) पशु हाटबजार सञ्चालन हुने वडाको वडा अध्यक्ष पदेन अध्यक्ष ।

(ख) पशु हाटबजारको सेवा पुग्ने मुख्य प्रभाव क्षेत्र भित्रका व्यावसायिक पशुपालनमा संलग्न सक्रिय कृषक समूह र सहकारीहरुमध्ये योग्यता, अनुभव र समावेशीताको आधारमा सम्बन्धित पालिका प्रमुखबाट मनोनित एकजना महिला सहित कृषक समूह तथा सहकारीका प्रतिनिधि सदस्यहरु ३ जना ।

(ग) हाटबजार स्थलको सेवा पुग्ने क्षेत्रका इजाजत लिई पशु खरिद बिक्रीको नियमित कारोबार गर्ने व्यवसायीहरुमध्ये पालिका प्रमुखबाट मनोनित सदस्यहरु  २ जना ।

(घ) हाटबजार सञ्चालन हुने पालिकाको प्रतिनिधि सदस्य १ जना

(घ) सम्बन्धित पालिकाको पशु सेवा शाखाको प्रमुख पदेन सदस्य १ जना

(ङ) बजार व्यवस्थापक  सदस्य-सचिव १ जना

(च) बूदा (ङ) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले आफ्नै स्रोतबाट बजार व्यवस्थापक नियुक्त नगरेसम्मको लागि सम्बन्धित पालिकाले तोकेको व्यक्तिले बजार व्यवस्थापक तथा सदस्य सचिवको रुपमा कार्य गर्नेछ ।

(छ) अध्यक्ष, पशु सेवा शाखा प्रमुख र व्यवस्थापक बाहेकका सदस्यहरुको पदावधि ३ (तीन) वर्षको हुनेछ र निजहरु पुनः मनोनित  हुन सक्नेछन् । सञ्चालक समितिको म्याद सकिने १५ दिन अगाडि नै पुनर्गठन हुनु पर्नेछ । पालिकाले निर्णय गरी विद्यमान समितिकै कार्यकाल समेत थप गर्न सक्ने छ ।

(ज) वडा अध्यक्ष, पशु सेवा शाखा प्रमुख र बजार व्यवस्थापकको हकमा उनीहरु आफ्नो पदमा बहाल रहेसम्म समितिमा बहाल रहनेछन ।

(झ) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संघसंस्थाको, प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(ञ) हाटबजार सञ्चालक समितिका सदस्य संख्यामा थपघट गनुपर्ने अवस्थामा संचालक समितिको सिफारिसका आधारमा सम्बन्धित पालिका प्रमुखले थपघट गर्नसक्ने छ ।

**५. सदस्यहरुको योग्यताः**

सञ्चालक समितिको सदस्य हुने व्यक्तिको योग्यता देहायबमोजिम हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष उमेर पुगेको,

(ग) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

(घ) मगज नबिग्रेको,

(ङ) कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पूरा भएको,

(च) अध्यक्ष बाहेक अन्यको हकमा कुनै राजनैतिक पदमा बहाल नरहेको,

(छ) पशु बजारको कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको ।

## ६. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) जीवित पशु उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न जीवित पशु बजारको लागि आवश्यक भौतिक सुविधाहरु लगायतको व्यवस्था गरी सो बजारलाई प्रतिस्पर्धात्मक रुपमा सञ्चालन गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

(२) माथि उल्लेखित कर्तव्य पालन गर्नको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ-

(क) पशु हाटबजार स्थलको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्य योजना बनाई लागु गर्ने, बजार व्यवस्थापन सम्बन्धमा नीति निर्धारण गर्ने तथा सोको कार्यान्वयन गर्ने ।

(ख) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउने ।

(ग) बजार व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने । बजार सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवा शर्त र सुविधा यकीन गरी स्वीकृतिका लागि सम्बन्धित पालिकामा पेश गर्ने ।

(घ) पशु हाटबजारको उद्देश्य प्राप्त गर्न कार्यविधिहरु बनाई स्वीकृतिका लागि पालिकामा पेश गर्ने ।

(ङ) कृषक, व्यापारी, संघ, संस्था, निकाय वा व्यक्ति विशेषको लागि बजार सुविधा उपलब्ध गराउने ।

(च) पशु हाटबजारमा सुविधाहरु उपलब्ध गराएबापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्बन्धित व्यक्ति वा निकायबाट त्यस्तो सेवा शुल्क असुल गर्ने ।

(छ) हाटबजार सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(ज) हाटबजार स्थललाई सफा सुग्घर राखी स्वस्थ वातावरण कायम गर्ने ।

(झ) हाटबजार स्थलको मर्मत संभार तथा संरक्षण गर्ने ।

(ञ) हाटबजार संचालन व्यवस्था सम्बन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

(ट) पालिकाका प्राविधिकको सहयोगमा योजना तर्जुमा, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने तथा पालिकाबाट सो स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने ।

(ठ) हाटबजार सम्बन्धी सूचना तथा जानकारीहरु सम्प्रेषण गर्ने ।

(ड) हाटबजारको विकास, विस्तार र हाटबजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने ।

(ढ) स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहेर खर्च गर्ने ।

(ण) बिक्री गर्न ल्याएको पशुपन्छीको जांच गरी अस्वस्थ तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्नसक्ने पशुपन्छी खरिद बिक्री गर्न नपाइने व्यवस्था मिलाउने ।

(त) पशु हाटबजारमा कारोबार गर्ने व्यक्तिले प्रमाणिक नापतौल प्रणाली तथा आधिकारिक निकायबाट प्रमाणित/स्वीकृत नापतौल विपरित कार्य गरेको पाइएमा सामाग्री/उपकरण जफत गरी कारबाही गर्ने ।

(३) पशु हाटबजारलाई नमूना बजार बनाउन निम्न सुविधाहरु निर्माण गर्ने:

(क) व्यापारी र पशुलाई गर्मी र वर्षाबाट बचाउन टहरा निर्माण ।

(ख) ढल निकासको व्यवस्था र आवश्यक पर्ने ठाउमा भुई ढलान ।

(ग) पशुहरुलाई गाडीबाट ओराल्न र चढाउनको लागि मंच, प्लेटफार्म निर्माण ।

(घ) व्यापारी/खरीदकर्ता र पशुहरुलाई खानेपानीको व्यवस्था ।

(ङ) आवश्यकता अनुसार शौचालय र खाजा घरको व्यवस्था ।

(च) फोहर मैला संकलन गर्ने भाँडा, औजार, उपकरणको व्यवस्था ।

(छ) पशु हाटबजार कार्यालय र पशुपन्छी स्वास्थ्य परीक्षण र औषधोपचार केन्द्रको कोठा निर्माण ।

(ज) पशु हाटबजार प्रवेश मार्ग सुधार ।

(झ) सूचना पाटी र होर्डिङ्ग बोर्डको व्यवस्था ।

(ञ) बिजुली बत्तीको व्यवस्था ।

(ट) पशु तौलने उपकरणको व्यवस्था ।

(ठ) जैविक सुरक्षाको लागि आवश्यक संरचना र व्यवस्था ।

(ड) पशु हाटबजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था ।

(ढ) पशु हाटबजारमा जैविक सुरक्षा सुनिश्चित गर्न मूल ढोकामा अनिवार्य रुपमा निसंक्रमण गर्ने औषधीयुक्त फुटबाथ र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था ।

(ण) विभिन्न जातका पशुहरु राख्नको लागि अलग-अलग स्थानको व्यावस्था ।

(प) पशुहरुको लागि आवश्यक पर्ने दाना, घाँस, नल, पराल आदि राख्ने ठाउँको उचित प्रबन्ध ।

(फ) पशु हाटबजारमा ल्याइने र बिक्री गरिने पशुको रेकर्ड अध्यावधिक गरी राख्नको लागि अभिलेखीकरणको आवश्यक प्रबन्ध ।

(ब) बिकी भएका पशुहरुको स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्ने सेवाको व्यवस्था ।

**७. समितिको बैठक र निर्णयः**

(क) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ । समितिको बैठक महिनामा एकपटक अनिवार्यरुपमा बस्नुपर्नेछ ।

(ख) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(ग) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ ।

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(छ) उप-समितिको गठन गर्न सक्नेः समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन समितिका कुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(ज) समितिको कार्यालयः समितिको कार्यालय पशु हाटबजार स्थल परिसर भित्र रहनेछ ।

**परिच्छेद-३**

# पशु हाटबजार दर्ता, अनुगमन र नवीकरण

**८. पशु हाटबजार सम्बन्धी व्यवस्थाः**

(१) पशु हाटबजारलाई यस विधि बमोजिम विधिवत समिति गठन भएको ६० (साठी) दिनभित्र सम्बन्धित पालिका कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(२) पशु हाटबजार समिति दर्ता गर्दा देहायका मापदण्ड एवं प्रकिया पूरा भएको हुनुपर्नेछः

(क) तराईमा भए कम्तीमा १ विगाहा र पहाडमा भए ६ रोपनी आफ्नै स्वामित्वको जग्गा,

(ख) बाटोको सुविधा,

(ग) अन्य बजारहरुबाट दूरी,

(घ) पशुपन्छीको उत्पादन र आपूर्तिको अवस्था,

(ङ) अत्यावश्यक पूर्वाधारहरुको सुविधा ।

## परिच्छेद-४

# समितिको आर्थिक व्यवस्था

**९. समितिको कोषः**

(१) समितिको एउटा छुट्टै कोष हुनेछ। समितिको कोषमा देहायका रकमहरु रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छः

(क) हाटबजारमा ल्याइएका पशुको दर्ता शुल्क र पशु खरिदबिकी गर्दा लाग्ने सेवा शुल्क बापत प्राप्त रकम,

(ख) विभिन्न व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य नियमित स्रोतबाट प्राप्त रकम,

(घ) पालिकाबाट समितिलाई प्राप्त रकम,

(ङ) विदेशी सरकार/अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग।

(च) समितिले बजार संचालन गर्न कुनै व्यक्ति वा संस्थालाई दिएको अवस्थामा ठेक्काबापत आएको रकम,
(छ) पशु हाटबजारका साझेदार निवेशकबाट प्राप्त रकम।

(२) समितिलाई प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैकिङ्ग कारोबार गर्ने मान्यता प्राप्त बैकमा खाता खोली जम्मा गर्नु पर्नेछ

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा पूर्व स्वीकृति लिन ुपर्नेछ।

(४) समितिलाई नेपाल सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त गरेको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नुपर्नेछ।

(५) समितिको कोषको संचालन समितिले तोकेबमोजिम हुनेछ।

(६) समितिको खाता संचालन समितिको अध्यक्ष र बजार व्यवस्थापक/सदस्य-सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

**(१०). आर्थिक प्रशासनः**

(१) समितिको आयव्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढाँचामा राखिने छ।

(२) समितिको लेखा परीक्षण आर्थिक कारोबारको आधारमा चार्टड एकाउन्टेण्ट वा रजिष्टर्ड लेखा परीक्षकबाट आर्थिक वर्ष सकिएको ३ महिनाभित्र गराउनु पर्नेछ।

(३) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक आयव्यय विवरण सहितको प्रतिवेदन सम्बन्धित पालिकामा बुझाउनुपर्ने छ।

(४) समितिले प्रत्येक महिनाको आयव्यय विवरण सूचना पाटीमा सूचना टाँस गारी सार्वजनिक गर्नुपर्ने छ।

(५) लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन कार्यान्व्यन गर्नुपर्ने छ ।

(६) समितिले आर्थिक कार्य गर्दा/गराउँदा प्रचलित ऐन, नियम र आर्थिक कार्यविधिको अधिनमा रही समितिको स्वीकृत "आर्थिक प्रशासन कार्यविधि" बमोजिम गर्नु/गराउनुपर्नेछ ।

(७) समितिको सम्पूर्ण आर्थिक कारोबार र खर्चको विवरण समितिको नियमित बैठकमा अनुमोदन गराउनु पर्नेछ ।

**११. पशु हाटबजार स्थलको वर्गीकरण र कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्थाः**

पशु हाटबजारलाई कूल वार्षिक आयको आधारमा देहायबमोजिमको वर्गीकरण गरिनेछ-

(१) वार्षिक रु ५० लाख भन्दा बढी आय हुने बजार स्थल "क" वर्ग ।

(२) वार्षिक रु २० लाखदेखि रु ५० लाखसम्म आय हुने बजार स्थल "ख" वर्ग ।

(३) वार्षिक रु २० लाखसम्म आय हुने बजार स्थल "ग" वर्ग ।

**१२. पशु हाटबजारको खर्च व्यवस्थापन :**

पशु हाटबजारको खर्च व्यवस्थापन देहायबमोजिम गर्नुपर्नेछ -

(१) "क" वर्गका हाटबजारले कूल आयको ७० प्रतिशत रकम नियमित बजार संचालन गर्न (कर्मचारी तलब, भत्ता, बिजुली, पानी, टेलिफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे बापत लाग्ने खर्चमा उपयोग गर्ने र ३० प्रतिशत रकम स्थायी निर्माण कार्यको लागि जगेडा राख्ने ।

(२) "ख" वर्गको बजारले कूल आयको ८० प्रतिशत रकम नियमित बजार संचालन गर्न तथा मर्मत सम्भार कार्य र जग्गा उपयोग गरे बापत लाग्ने खर्चमा उपयोग गर्ने र २० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्टयाउने ।

(३) "ग" वर्गको बजारले कूल आयको ९० प्रतिशत रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे बापत लाग्ने खर्चमा उपयोग गर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्टयाउने ।

(४) पशु हाटबजारबाट प्राप्त हुने आय अनुसार बचत र खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

## परिच्छेद-५

# कर्मचारी सम्बन्धी व्यवस्था

**१३. दरबन्दी स्वीकृत गर्नेः**

हाटबजार समितिलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी समितिले प्रस्ताव गरी सम्बन्धित पालिकाबाट स्वीकृत गराउनुपर्नेछ ।

**१४. कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) समितिको नियमित कार्य संचालन गर्नको लागि समितिले आफ्नो आर्थिक क्षमता अनुसार स्वीकृत दरबन्दीको आधारमा कर्मचारी व्यवस्था गर्न सक्नेछ ।
(२) यस विधिबमोजिम समितिको लागि आवश्यक कर्मचारी पदपूर्ति गर्न देहाय बमोजिमको “पदपूर्ति उप-समिति” रहनेछ ।

| | |
|---|---|
| (क) समितिका अध्यक्षले तोकेका सदस्य | अध्यक्ष |
| (ख) सम्बन्धित पालिकाको प्रतिनिधि | सदस्य |
| (ग) बजार व्यवस्थापक | सदस्य-सचिव |

(३) बजार व्यवस्थापक नियुक्त गर्नुपर्ने भएमा सो पदपूर्ति समिति निम्नानुसार हुने छः

| | |
|---|---|
| (क) हाटबजार सञ्चालक समितिका अध्यक्ष | अध्यक्ष |
| (ख) सम्बन्धित पालिकाको प्रतिनिधि | सदस्य |
| (ग) हाटबजार समितिको अध्यक्षले तोकेको सदस्य | सदस्य-सचिव |

(४) हाट बजार समितिको विनीयमावलीमा कर्मचारीको नयाँ नियुक्ति वा बढुवा सम्बन्धमा छुट्टै स्पष्ट व्यवस्था नभएमा सम्बन्धित पालिकाले पालना गर्ने व्यवस्थालाई अवलम्बन गर्नुपर्नेछ ।

(५) समितिका कर्मचारीहरुको परिचालन तथा अन्य सेवा सम्बन्धी सुविधाहरुको पूर्ण दायित्व समितिमा हुनेछ ।

(५) अधिकार प्रत्यायोजनः समितिले आवश्यकताअनुसार आफ्ना सबै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य-सचिव वा अन्य तोकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. व्यवस्थापकको नियुक्ति**

(१) दैनिक प्रशासकीय एवं हाटबजार संचालन, सूचना प्रवाह र तोकिएका अन्य काम गर्न समितिले एक बजार व्यवस्थापक नियुक्त गर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिमको नियुक्ति गर्दा खुला प्रतिस्पर्धाको आधारमा गर्नेछ ।

**१६. व्यवस्थापकको योग्यताः**

बजार व्यवस्थापक पदको उम्मेदवार हुनको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्ने छ-

१) नेपाली नागरिक,

(२) २५ वर्ष पूरा भई ५० वर्ष ननाघेको,

(३) अर्थशास्त्र वा व्यवस्थापन विषयमा उच्च माध्यमिक तह उत्तीर्ण गरेको,

(४) कानून बमोजिम कुनै पनि किसिमको सजाय नपाएको भनी स्वघोषणा गरेको ।

**१७. काम कर्तव्य र अधिकारः**

व्यवस्थापकको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ -

(१) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(२) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

(३) बजार व्यवस्थापनको लागि आवश्यक वार्षिक, अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(४) पशु हाटबजार विकाससँग सम्बन्धित विभिन्न निकायहरुसँग समन्वय राखी काम गर्ने ।

(५) समिति र सदस्य-सचिवले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

(६) पशु हाटबजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-६

# भाडा दर निर्धारण

**१८. स्टल वा स्थान वितरण सम्वन्धी व्यवस्थाः**

(१) पशु हाटबजार स्थलमा स्टल वा पशु राख्ने ठाँउ आदिको भाडा निर्धारण गर्दा समितिले देहायका आधारमा निर्धारण गर्नेछ -

(क) पशु हाटबजार स्थापना र पूर्वाधार विकासमा भएको लगानी,

(ख) हाटबजारको संचालन, व्यवस्थापन खर्च,

(ग) भौतिक संरचना, उपकरण र सुविधाहरुको मर्मत संभार तथा बीमा खर्च,

(घ) पशु हाटबजारमा थप पूर्वाधार विकास एवं सुविधा विस्तारका लागि आवश्यक पर्ने लगानी,

(ङ) जनशक्ति परिचालन तथा उत्प्रेरणा खर्च,

(च) आकस्मिक आर्थिक दायित्व तथा जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने रकम,

(२) समितिले अन्य संस्था वा निकायसँग भाडा वा करारमा जमिन वा टहरा लिई भाडामा लगाउनु पर्दा यस हाटबजार संचालन विधिबमोजिम भाडा निर्धारण गर्न नसकिने अवस्थामा जिल्ला भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा दरलाई मानिनेछ ।

(३) समितिद्वारा भाडा निर्धारण गरिने प्रक्रिया निम्नानुसार हुने छ-

(क) समितिले भाडामा उपलब्ध गराउने स्टल, स्थान आदिको वर्गीकरण गर्ने,

(ख) भाडा निर्धारणको आधारबमोजिमको खर्च अनुमान तथा बजार क्षेत्र वरिपरि प्रचलित भाडा दर समेतलाई मध्यनजर गरी आवधिक भाडा वृद्धिदर समेतको प्राविधिक प्रस्ताव तयार गर्ने,

(ग) समितिले भाडा सम्वन्धी प्राविधिक प्रस्ताव स्थानीय तहका सरकार (पालिका) ले प्राप्त अधिकार बमोजिम गठित भाडा निर्धारण समितिबाट स्वीकृत गराउने ।

## परिच्छेद-७

# विविध

**१९. पदाधिकारी तथा सदस्यलाई निलम्बन गर्न सकिनेः**

पदाधिकारी तथा सदस्यले देहायको कसूर गरेमा निजहरुलाई व्यवस्थापन समितिले तीन महिनासम्म निलम्बनमा राख्न सक्नेछ -

(क) आर्थिक अनियमितता गरेमा,

(ख) पदीय अख्तियारको दुरुपयोग गरेमा,

(ग) शान्ति सुरक्षामा खलल गर्ने काम गरेमा ।

**२०. समितिलाई भंग गर्न सक्नेः**

(१) देहायको अवस्थामा सम्बन्धित पालिका कार्यालयले दफा ३ बमोजिम गठित समिति भंग गरी अर्को व्यवस्था गर्न सक्नेछ-

(क) समिति निस्कृय रही गठन भएको एक वर्षसम्म एउटा बैठक बस्न नसकेमा,

(ख) समितिले पालिकाबाट प्राप्त निर्देशन पालना नगरेमा,

(ग) हाटबजारको हित विपरित हुने कार्य गरेमा वा आर्थिक अनियमितता गरेको पाईएमा ।

(२) उपदफा (१) बमोजिम समिति भंग गर्नु पूर्व समितिका सबै पदाधिकारी वा पदाधिकारी विशेषलाई सफाईको मौका दिनुपर्नेछ ।

**२१. पशु हाटबजार संचालन सम्बन्धी  अन्य व्यवस्था**

दफा २० बमोजिम समिति भंग भएमा र अर्को समिति गठन नभएसम्मको लागि पालिकाले बैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

**२२. बरबुझारथ**

निवर्तमान समितिले नवगठित समितिलाई आफ्नो जिम्माको सम्पूर्ण जिन्सी, नगद, आयव्यय विवरण तथा कागजात पदावधि समाप्त भएको १५ दिनभित्र बुझाउनु पर्नेछ  र सोको जानकारी पालिकालाई दिनुपर्नेछ ।

**२३. बजारको स्वामित्व**

हाटबजारमा विकास गरिएका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व स्थानीय तहका सरकारमा रहनेछ । समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा बढीको दायित्व लिने गरी वा आफ्नो पदावधि भन्दा बढी अवधिको लागि पालिकाको पूर्व स्वीकृत बिना कसैसित कुनै पनि सम्झौता गर्ने छैन ।

**२४. बीमा सम्बन्धी व्यावस्थाः**

बजारमा भएका स्थायी भौतिक संरचना, मेसिन-उपकरण एवं सवारी साधनहरुको सम्भव भएसम्म बीमा गराउनु पर्नेछ ।

**२५. सुविधा सम्वन्धी व्यवस्थाः**

समितिका पदाधिकारी एवं कर्मचारीलाई समितिको कामको सिलसिलामा प्रदान गरिने भ्रमण खर्च लगायत अन्य सुविधाहरु समितिका आर्थिक विनियमावलीमा तोकिए बमोजिम हुनेछन र आर्थिक विनियमावली नभएको अवस्थामा सम्बन्धित पालिकाको आर्थिक नियमअनुसार हुनेछन ।

**२६. स्थान, समय तोक्न सक्नेः**

हाटबजार समितिले सम्बन्धित पालिकाको स्वीकृतिमा सर्वसाधारणको सुविधा, सरसफाई तथा ट्राफिक व्यवस्था समेतलाई दृष्टिगत गरी पशुपन्छी खरिद बिक्री कार्यको लागि यस विधि प्रतिकूल नहुने गरी निश्चित स्थान, समय र प्रक्रिया तोक्न सक्नेछ ।

**२७. व्यवसायीले पालन गनुपर्ने आचरणः**

बजार स्थलमा व्यवसाय गर्न चाहने व्यापारी वा व्यवसायीले देहायका आचरण पालन गनुपर्नेछ -

(क) व्यापारी/व्यवसायीले प्रचलित कानुनबमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु तिरेर व्यवसाय नवीकरण गरी इजाजत प्राप्त गरेको हुनुपर्ने ।

(ख) आफूले प्रयोग गरेको सुविधा बापत हाटबजार समितिलाइ बुझाउनुपर्ने भाडा वा अन्य शुल्क पशु हाटबजार समितिको खातामा जम्मा गर्ने वा रसिद लिएर मात्र जम्मा गर्नुपर्ने ।

(ग) हाटबजारमा कारोबार गर्दा इजाजत प्राप्त व्यक्ति आफै सहभागी हुनुपर्ने र देखिने गरी फोटो सहितको परिचयपत्र लगाएको हुनुपर्ने ।

**२८. लाभांश वितरणः**

बजारको स्थापना वा संचालनमा संलग्न जग्गादाता, स्थानीय साझेदार वा सहयोगी निकाय/संघसंस्थालाई त्यस्तो साझेदारी वा सहयोग बापत लाभांश प्रदान गनुपर्ने अवस्थामा निजहरुको योगदानको आधारमा समितिले

खुद मुनाफाको ५ प्रतिशत भन्दा बढी नहुने गरी लाभांश उपलब्ध गराउन सक्नेछ। सो भन्दा बढी मुनाफा वितरण गनुपर्ने भए पालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

**२९.सम्झौता पत्रको व्यवस्था र मान्यताः**

पशु हाटबजार संचालन सम्बन्धित पालिका र समितिबीच सम्झौता भए अनुसार हुनेछ र सम्झौताको नमूना अनुसूची-६ अनुसार हुनेछ। उक्त सम्झौता पत्रमा सम्बन्धित पक्षहरुको अधिकार र कर्तव्य उल्लेख हुनेछ।

**३०. निर्णय मान्य हुनेः**

यो विधिमा भएको हाटबजार सञ्चालन सम्बन्धी कुनै दफा वा व्यवस्थामा वा पशु हाटबजार समितिको निर्णयमा चित्त नबुझे सम्बन्धित पालिकामा उजुर गर्न सकिने छ र त्यस्तो अवस्थामा पालिकाको निर्णय मान्य हुनेछ।

**३१. विधि संशोधनः**

सम्बन्धित पालिकाले यो संचालन विधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ।

**अनुसूची-१**: पशु हाटबजार व्यवस्थापन समिति र ब्यापारी/व्यवसायीबीच स्टल/स्थान भाडा सम्बन्धी सम्झौता-पत्रको नमूना

... ........... ...... ....पशु हाटबजार संचालक समिति ........... र श्री ..............................बीच स्टल/स्थान/..................भाडा सम्बन्धी भएको सम्झौता -पत्र

............जिल्ला................. ................... महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउपालिका वडा ............अर्न्तगत..............मा अवस्थित ..... ....... पशु हाटबजार संचालक समिति (यसपछि प्रथम पक्ष भनिएको) र ......... ........ .......जिल्ला....... ........... महानगरपालिका/नगरपालिका/गाँउपालिका वडा नं. ....... निवासी श्री ............... ............ ..... (यसपछि दोस्रो पक्ष भनिएको) बीच ....... ..... पशु हाटबजार संचालन विधि, २०... को मातहत रहेर निम्नलिखित शर्तहरुको पालना गरी स्टल/कोठा/स्थान भाडा लिने/दिने कार्यका लागि यो सम्झौता गरिएको छ ।

## सम्झौताका शर्तहरु

१. पहिलो पक्षले दोस्रो पक्षलाई प्रथम पक्षद्वारा अनुमति प्राप्त पशु, पशुजन्य बस्तु र अन्यबस्तु (....... ............) को खरीद-बिक्री र भण्डारण गर्ने प्रयोजनका लागि ...... .... वर्ग फीट क्षेत्रफलको स्टल/कोठा/स्थान उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले स्टल/कोठा/स्थान भाडा बापत मासिक/अर्धवार्षिक/वार्षिक रु........ ...... (अक्षररुपी ....... .......) प्रथम पक्षलाई बुझाउने छ ।

३. दोस्रो पक्षले तीन महिनाको भाडा बराबरको एकमुष्ठ रकम अग्रीम धरौटीको रुपमा हाटबजार समितिको धरौटी खातामा जम्मा गरेपछि मात्र सम्झौता अनुसारको स्टल/स्थान उपलब्ध गराइनेछ । सो धरौटी रकम दोस्रो पक्षले कारोबार नगर्ने भई सो स्थान वा स्टल छाड्दाका बखतमा समिति र दोस्रो पक्षबीचको आर्थिक हिसाब कितावं फर-फारक भए पश्चात् प्रथम पक्षले दोस्रो पक्षलाई फिर्ता गर्नेछ । तर, उक्त रकममा कुनै किसिमको ब्याज दिईने छैन ।

४. दोस्रो पक्षले प्रथम पक्षलाई भाडा निर्धारित भुक्तानी तालिका अनुसार दिनुपर्नेछ । सो अनुसार चालु महिनाको भाडा सोही महिना भित्र तिरी सक्नु पर्नेछ र सो अनुसार नतिरेमा अर्को महिनाको .......गतेदेखि ....... प्रतिशत जरिवाना लाग्ने छ ।

५. तीन महिनासम्म पनि भाडा र जरिवाना नबुझाएमा प्रथम पक्षले कुनै पनि बखत यो सम्झौता रद्द गर्नसक्नेछ ।

६. दोस्रो पक्षले लिएको स्टल/स्थल/सुविधा पहिले निर्धारित उद्देश्यको लागि आफैले प्रयोग गनु पर्नेछ । अन्य कसैलाई भाडामा लगाएको वा बेचबिखन गरेको पाइएमा प्रथम पक्षले सम्झौता रद्द गरी त्यसरी अनियमित रुपमा स्टल/स्थल /सुविधा लिने दिने दुबैलाई भविष्यमा समेत बजारबाट प्रदान गरिने सुविधाहरुबाट बञ्चित गर्नसक्ने छ ।

७. दोस्रो पक्षले प्रथम पक्षबाट उपलब्ध गराइने धारा, विद्युत, टेलिफोन, फ्याक्स आदि सुविधाहरु निर्धारित शुल्क तिरेर उपभोग गर्न पाउनेछ ।

८. दोस्रो पक्षले आफ्नो कारोबार (खरीद-बिक्री, माल सामान ढुवानी, सरसफाई आदि कार्य) प्रथम पक्षले तोकेको बजार संचालन कार्य तालिका (बजार खुल्ने, बन्द हुने, सरसफाई आदिको) अनुसार गर्नुपर्नेछ ।

९. प्रथम पक्षद्वारा निर्धारित प्रवेश शुल्क तिरेका ढुवानी तथा सवारी साधन र पशुबस्तुलाई मात्र बवारमा प्रवेश गर्न दिईनेछ ।

१०. आफ्नो स्टल/कोठा/स्थान र सो वरपरको सफाईको जिम्मेवारी दोस्रो पक्षको हुनेछ । साथै, दोस्रो पक्षले निर्धारित ठाउमा फोहर व्यवस्थापन गर्नुपर्नेछ ।

११. दोस्रो पक्ष र उसका कर्मचारीहरुले बजार हाता भित्र कुनै किसिमको गैर कानुनी, असामाजिक वा समितिद्वारा निषेधित क्रियाकलाप गर्न पाउने छैनन ।

१२. दोस्रो पक्ष र उसँग सम्वद्ध व्यक्ति वा ढुवानी साधनद्वारा जानाजान वा असावधानीवस प्रथम पक्षको सम्पत्तिमा हुने क्षति वा नोक्सानीको लागि  दोस्रो पक्ष जिम्मेवार हुनेछ र प्रथम पक्षले त्यसको क्षतिपूर्ति भराउन सक्नेछ ।

१३. यस सम्झौता-पत्रमा उल्लेखित शर्त/प्रावधानहरुको हकमा यसै अनुसार र सो बाहेकका हकमा हाटबजार संचालन कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम हुनेछन् ।

१४. यस सम्झौताका सम्पूर्ण बुँदा र शर्तहरु सम्बन्धित दुवै पक्षका लागि समान रुपमा मान्य र बाध्यकारी हुनेछन् ।

१५. यो सम्झौता मिति.........  ..... देखि लागु भै मिति.............सम्म रहनेछ र दुबै पक्षको आपसी सहमतिमा यो सम्झौताको म्याद थप, नवीकरण वा संशोधन गर्न सकिनेछ ।

१६. यस सम्झौतामा उल्लेख गरिएका अतिरिक्त अन्य विषयमा विवाद उत्पन्न भएमा दुबै पक्षको सहमतिमा समाधान गरिने छ ।

सम्झौतामा सहीछाप गर्ने

| **हाटबजार समितिको तर्फबाट** | **व्यापारी/कृषकको तर्फबाट** |
|---|---|
| नाम: | नाम : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत |

साक्षी

| | | |
|---|---|---|
| १. नाम : | नाम : | नाम : |
| ठेगाना : | ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |

*इति सम्वत्..........................साल ..............महिना ..........गते............ .........रोज शुभम्*